श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन-पत्र

विषय: उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ।

कुल बहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगर पालिका वडा न. १ घर भई हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न. ३१ आलोकनगर बस्ने बर्ष ३५ को युवराज पौडेल (सफल) (नागरिक नम्बर ४१३४५, सिन्धुली, जारी मिति २०६१/१२/३०) सम्पर्ग न ९८४९७७७०९२) ............................१ रिट निवेदक

विरूद्ध

श्री निर्वाचन आयोग, कान्तिपथ काठमाण्डौ, नेपाल............................१ विपक्षी

लिला चन्द्र लामिछानेको छोरा साविक काठमाडौं जिल्ला काठमाडौं नगरपालिका वडा न. ६ हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न. ३ बसुन्धरामा केन्द्रिय कार्यालय भएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति बर्ष अ. ४४ का रवि लामिछाने (सम्पर्ग न ९८५१३६०६६६)............................१ प्रत्यर्थी

श्री राष्ट्रिय स्वतन्त्र पार्टी, केन्द्रिय कार्यालय, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न ३ बसुन्धरा (सम्पर्ग न ९८५१३६०६६६)............................१

श्री जिल्ला प्रशाशन कार्यालय, बबरमहल काठमाडौं............................१

श्री संघिय संसद, प्रतिनिधि सभा, सिंहदरबार काठमाडौं............................१

नियमानुसार लाग्ने दस्तुर यसै निवेदन साथ संलग्न गरी नेपालको संविधान, २०७२ को धारा ४६ एंव १३३ (२) र (३) एंव १३७(२)(ख) बमोजिम नेपालको संविधानको धारा १, २, ३, ५, १६, १७(२)(ग), १८, ८४(५), ८७(१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२, १३, १५, १६ र राजनैतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ६(१)(ग), १४(२), १७ र २१(ज) तथा नागरिकता ऐन, २०६३ को दफा १०(१), ११ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ८, १० र ११ ले संरक्षण गरेका मौलिक हक, संवैधानिक हक एंव कानूनी हकको व्याख्या, संरक्षण र प्रचलनकालागि उत्प्रेषण, परमादेश



Scanned with CamScanner

लगायत जे जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाउन सार्बजनिक महत्व र सरोकारको रुपमा निम्न लिखित व्यहोराको निवेदन गर्दछु ।

१. म निवेदक एक देशभक्त नेपाली नागरिक हुनुका साथै विधिको शाशनकालागि प्रतिबद्ध छु । कानून भन्दा माथि कोहि पनि हुनु हुँदैन र कानूनको शाशनलाई ठुला, साना, धनि, गरिब, पदमा भएका वा नभएका सबैले पालना गर्नु पर्दछ भन्ने मान्यता राख्दछु। त्यसैले मिति २०७९/०८/०४ गते मुलुकमा भएको आवधिक निर्बाचनको शिलशिलामा चितवन निर्बाचन क्षेत्र नं. २ का उम्मेदवार श्री रबि लामिछानेको नेपाली नागरिकता नभएको र निजले आफू खुसि अमेरिकाको नागरिकता प्राप्त गरे पछि निजको नेपाली नागरिकता कायम नरहेको कानूनी व्यवस्था ( नागरिकता ऐन, २०६३ को दफा १०(१)) बिपरित निज रबि लामिछानेलाई दल दर्ता गर्न, दलको पदाधिकारी हुन्, मतदान गर्न, उम्मेदवार हुन् र निर्बाचनमा सहभागी हुन् दिएको हुँदा बिपक्षी निर्बाचन आयोगले संबिधान र ऐनको गम्भीर उल्लङ्घन गरी कानूनको शाशनलाई चुनौती दिएको हुँदा नेपाली नागरिकता कायम नरही पुन: नेपाली नागरिकता नलिएको अर्थात् नेपाली नागरिक नभएको व्यक्तिले राजनैतिक दलको सदस्य र पदाधिकारी हुन्, निर्बाचनमा उम्मेद्धार हुन्, प्रतिनिधि सभा सदस्य हुन् (राष्ट्रिय सभा, प्रदेश सभा एंव स्थानीय सरकारमा पधाधिकारी हुन) नपाउने कानूनी व्यवस्था बिपरित काम कार्यबाही गर्न मिल्छ कि मिल्दैन भन्ने गम्भीर सार्बजनिक सरोकारको सवाल उपस्थित भएको हुँदा सो बिषयको व्यख्या र निरुपणकालागि यो रिट निबेदन लिएर सम्मानित अदालत समक्ष प्रवेश गरेको छु । निम्न प्रकरणहरुमा निबेदन गरिए बमोजिम न्याय ईन्साफ़ गरी पाउन सादर अनुरोध गर्दछु ।

२. यहि मिति २०७९/०८/०४ मा मुलुकमा सम्पन्न भएको प्रतिनिधि सभा र प्रदेश सभाको आवधिक निर्बाचन मूलत: शान्तिपूर्ण र निस्पक्ष रुपमा सुसम्पन्न भएकोमा श्री निर्बाचन आयोगलाई एक सचेत नागरिक र राजनैतिक दलको नेताको रुपमा म धन्यवाद दिन चाहान्छु । लोकतन्त्रको मेरुदण्डको रुपमा रहेको निर्बाचन सुसम्पन्न गर्न श्री निर्बाचन आयोगले खेलेको भूमिकाको म सहर्ष प्रशंशा गर्न चाहन्छु । तथापी कुनै पनि बिदेशीले वा नेपाली नागरिकता नभएको कुनै पनि व्यक्तिले राजनैतिक दल खोल्न, सो दलको साधारण सदस्य हुन् र अध्यक्ष वा सभापति हुन् समेत नसक्ने हाम्रो कानूनी व्यवस्था बिपरित मिति २०७९/०३/१७ मा दल दर्ता नं. १८७ मा राष्ट्रिय स्वतन्त्र पार्टी नामक दल दर्ता भएकोमा दल दर्ता गर्न पाउने र दलको सदस्य वा नेता हुन् पाउने अधिकार केवल नेपाली नागरिक संग मात्रै हुने कानूनी व्यवस्था बिपरित नेपाली नागरिकता नभएका श्री रबि लामिछानेको सभापतित्वमा उक्त दल दर्ता भएको सम्वन्धमा निर्बाचन आयोगबाट हुन् गएको गैर कानूनी कार्य बाट म स्तब्ध भएको छु। निर्बाचन आयोगको यस कार्य बाट बिदेशीले पनि राजनैतिक दल खोल्न र शाशन सत्तामा पुगी नेपाली माथि शाशन गर्न पाउने गम्भीर रुपमा राष्ट्रघाती एंव नेपालको सार्बभौमसत्ता बिपरितको कार्यकालागि ढोका खुल्न पुगेको अवस्था छ ।

३. राष्ट्रिय स्वतन्त्र पार्टी नामक दल दर्ता भएकोमा मेरो कुनै पनि आपति छैन । उक्त दलमा भएका नेपाली नागरिकहरुले उक्त दल खोल्न, सो दलको नेतृत्व गर्न र राजनीतिमा संलग्न भई मुलुकको नेतृत्व लिन पाउनु पर्दछ भन्ने मान्यतामा म प्रस्ट छु । तर नेपाली नागरिकता नै नभएका श्री रबि लामिछानेलाई उक्त दलको सभापतिको मान्यता दिन एंव सो दलको साधारण सदस्यता

समेतको मान्यता दिन नमिल्ने भएकोले हुँदा निजको सभापतित्व र साधारण सदस्यता निर्वाचन आयोगले खारेज गर्न वा सो गर्न गराउन राष्ट्रिय स्वतन्त्र पार्टीलाई निर्देशन दिई निज रबि लामिछानेको उक्त दलको सभापति पद र साधारण सदस्यता तत्काले खारेज गरी पाउन मैले मिति २०७९/०८/१९ मा श्री निर्बाचन आयोग समक्ष निबेदन दिएकोमा (दर्ता नं. ३०००) हाल सम्म कुनै पनि प्रक्रिया थालनी नगरिएको र कुनै पनि निर्णय नगरिएको साथै किन प्रक्रिया थालनी नगरिएको र निर्णय नगरिएको भनि सोधनी गर्दा सो बिषयमा मिति २०७९/०८/१३ मा निर्णय गरी सकिएको भनि सो निर्णयको प्रतिलिपि दिएको हुँदा बिपक्षी निर्बाचन आयोगले कानूनको शाशन उलंघन गरेको हुँदा उपचारकालागि सम्मानित अदालत समक्ष प्रवेश गर्न बाध्य भएको छु।

४. मतदान गर्ने, उम्मेद्धार बन्ने र राजनैतिक दल खोल्ने अधिकार नेपालको संबिधान, राजनैतिक दल सम्बन्धि ऐन, प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन तथा प्रदेश सभा सदस्य निर्बाचन ऐन अन्तर्गत केवल नेपाली नागरिकलाई मात्रै प्रदान गरिएको छ। राजनैतिक दल खोल्ने स्वतन्त्रता मौलिक हक हो। नेपालको संबिधान, २०७२ को धारा १७(२)(ग) ले सो हक प्रयोग गर्न पाउने अनुमति केवल नेपाली नागरिकलाई मात्रै प्रदान गर्दछ। त्यसरी नै संघिय संसद्‌को सदस्य हुन् पनि नेपालको नागरिक हुनु पर्दछ भन्ने व्यवस्था नेपालको संबिधान, २०७२ को धारा ८७(१)(क) मा गरिएको छ। त्यसरीनै सबिधानको धारा ८४(५) अन्तर्गत १८ बर्ष उमेर पूरा भएको नेपाली नागरिकले मात्रै मतदान गर्न पाउँदछन। उक्त व्यवस्था बाध्यात्मक हुन्। कुनै पनि व्यक्ति वा निकायले उक्त व्यवस्थाको अनादर गर्न मिल्दैन। त्यसरी नै राजनैतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ६(१)(ग), १४(२), १७ र २१(ज) र राजनैतिक दल सम्बन्धि नियमावली, २०७४ को नियम ३(२), ६(१)(घ) बमोजिम राजनैतिक दलको सदस्यता प्राप्त गर्न र पदाधिकारी हुन् नेपाली नागरिक हुनु पर्दछ। त्यसरीनै प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १२ बमोजिम प्रतिनिधि सभाको उम्मेद्धार हुन् नेपाली नागरिक हुनु पर्दछ एंव नेपालको नागरिक नभएको व्यक्ति सोहि ऐनको दफा १३ बमोजिम उम्मेद्धार हुन् अयोग्य हुन्छन। निर्बाचन (कसूर तथा सजाय) ऐन २०७३ को दफा १४ ले नेपाली नागरिकता नभएको व्यक्तिलाई मतदान गर्न समेत प्रतिबन्ध लगाई गैर नेपाली नागरिकले मतदान गरेमा कसूर गरेको मान्दछ। यी बाध्यत्मक कानूनी व्यवस्था बिपरित निर्बाचन आयोगले बिपक्षी रबि लामिछानेलाई स्वतन्त्र राष्ट्रिय पार्टीको सभापति हुन्, सदस्य हुन्, मतदाता हुन् र निर्बाचनमा उम्मेदवार हुन् समेत दिएको अवस्था छ। तसर्थ नेपाली नागरिकता नभएको व्यक्ति निज रबि लामिछाने प्रति यसरि उदार हुनु पर्ने वा निजलाई कानून बिपरित बिशेष हैसियत प्रदाम गरी राजनैतिक दलको सदस्य र सभापति हुन् छुट दिनु पर्ने कुनै पनि कानूनी आधार बिपक्षी निर्बाचन आयोग संग नहुँदा नहुँदै पनि कानून मिची बिपक्षीहरुद्वारा गैर कानूनी कार्य भएको हुँदा उक्त गैर कानूनी कार्य बदर भागी भएको हुँदा बदर गरी निज बिपक्षी रबि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति र सदस्यता गैर कानूनी घोषणा गरी पाउँ।

५. यसै सन्दर्भमा चितवन जिल्लाको क्षेत्र नं. २ बाट उम्मेदवार हुनु भएका र बिजयी भई सांसद सदस्य हुनु भएका श्री रबि लामिछाने नेपालको नागरिक होइनन भन्ने बिषय मिडियामा आएको र श्री निर्बाचन आयोगमा समेत सो सम्बन्धमा उजुरी परेको कुरा संचार माध्यममा आएकोमा

मेरा कानून ब्यबशायी मार्फत श्री निर्वाचन आयोगमा सूचना जानकारी माग्दा बिपक्षी निर्वाचन आयोगले उपलब्ध गराएको दस्ताबेजलाई हेर्दा निज रबि लामिछानेले श्री काठमाडौं जिल्ला प्रशाशन कार्यालयबाट मिति २०५०/११/१० मा नागरिकता नम्बर १८२२२ बाट नेपाली नागरिकता लिएको देखिन्छ । संचार माध्यममा आएका जानकारी अनुसार निज रबि लामिछानेले २०५०/११/१० मा श्री जिल्ला प्रशाशन कार्यालय काठमाडौंबाट नेपालको नागरिकता लिएका, सोहि नागरिकताबाटै नेपाली पासपोर्ट लिएका र ततः पश्चात निज अमेरिका गई अमेरिकी नागरिक बनि (अमेरिकी राहादानी नं. ५१२९६६९८१) धारण गरी नेपाल आउँदा अमेरिकी नागरिकको हैसियतमा गैर पर्यटकीय भिसामा नेपाल बसेका र तत् पश्चात हालसालै राष्ट्रिय स्वतन्त्र पार्टी नामक राजनैतिक दल खोलि सो दलको सभापति समेत आफै बनि सो दलले निर्वाचनमा भाग लिएको सर्बबिदितै छ । निज रबि लामिछानेले दल दर्ता गर्दा प्रयोग गरेको नागरिकता निज अमेरिकी नागरिक हुनु पूर्बको (श्री जिल्ला प्रशाशन कार्यालय काठमाडौंबाट मिति २०५०/११/१० मा नागरिकता नम्बर १८२२२ को रुपमा जारि भएको) हो ।

६. निज रबि लामिछानेले दल दर्ता गर्दा प्रयोग गरेको नागरिकता निज अमेरिकी नागरिक हुनु पूर्बको (श्री काठमाडौं जिल्ला प्रशाशन कार्यालयबाट मिति २०५०/११/१० मा नागरिकता नम्बर १८२२२ को रुपमा जारि भएको) हो र निजले अमेरिकी नागरिकता त्याग गरि सके पश्चात नागरिकता ऐन, २०६३ को दफा ११ र नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पूरा गरी लिएको नागरिकता होईन । नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) अन्तर्गत कुनै पनि नेपाली नागरिकले बिदेशी नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता स्वत समाप्त हुन्छ अर्थात कायम रहन सक्दैन । यस्तो अवस्थामा निज रबि लामिछानेले अमेरिकी नागरिकता लिए पश्चात निजको नेपालको नागरिकता कायम नरहेको हुँदा निजले पुनः नेपालको नागरिकता प्राप्त नगरी निज नेपालको नागरिक हुन् सक्दैनन् र यस्तो अवस्थामा निज राजनैतिक दलमा संलग्न हुन्, उम्मेदवार हुन् र मतदान गर्न समेत सक्दैनन् । तसर्थ, निज रबि लामिछानेले नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम पुनः नेपाली नागरिकता नलिएको अवस्थामा श्री निर्वाचन आयोगले किन निज लाई दल खोल्न, उम्मेदवार हुन् र मतदान गर्ने अधिकार प्रदान गरेको हो ? के निर्वाचन आयोगले नेपालको संबिधान, राजनैतिक दल सम्बन्धि ऐन र निर्वाचन संग सम्बन्धित ऐनको पालन गर्ने र गराउने जिम्मेवारी लिनु पर्दैन ? निर्वाचन आयोगले कानूनको शाशनको प्रत्याभूति गर्नु गराउनु पर्नेमा रबि लामिछानेका सम्बन्धमा कानून बिपरितका कार्यलाई मान्यता दिएर कानूनको शाशनको गम्भीर उल्लङ्घन गरेको अवस्था भएको हुँदा कानूनको शाशनको प्रत्याभूतिकालागि सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।

७. निज रबि लामिछानेले बिपक्षी निर्वाचन आयोग समक्ष पेश गरेको मिति २०७९/०८/०६ को स्पस्टिकरणमा आफुले जिल्ला प्रशाशन कार्यालयबाट मिति २०५०/११/१० मा नेपाली नागरिकता लिएको, अमेरिकामा गएर अमेरिकाको स्थाई बसोबास अनुमति पत्र लिएको र सन् २०१४ फेबरअरी २१ (फाल्गुन १०, २०७३) मा अमेरिकी नागरिक बनेको कुरा स्वीकार गरेका छन । साथै निज सन् २०१७ मा नेपाल फर्केका र अमेरिकी नागरिकको रुपमा नेपालमा बसी कार्य अनुमति (work permit) लिई अमेरिकी नागरिकको रुपमा नेपालमा काम गरेका (न्युज २४ मा) कुरा पनि स्वीकार गरेका छन । तर नेपाल सरकार गृह मन्त्रालय र प्रेश काउन्सिल नेपालका पत्र

Scanned with CamScanner

हेर्दा निजले कार्य अनुमति लिएको देखिदैन र अरुका सम्बन्धमा सामाजिक रुपमा प्रश्न उठांउने तर आफु भने कानून नमान्ने र कानून मिच्ने निजको प्रवृति रहेको देखिन्छ । त्यसरी नै सन् २०१८ को जुन २८ तारेखका दिन (अषाढ १४, २०७५) नेपाल स्थित अमेरिकी दुताबास मार्फत अमेरिकी नागरिकता त्याग गरेको कुरा पनि उल्लेख गरेका छन र सो को प्रमाण पनि पेश गरेका छन । तर अमेरिकी नागरिक हुना साथ् नागरिकता ऐन, २०६३ को दफा १०(१) बमोजिम कायम नरहेको उनको पुरानो नेपाली नागरिकता २०५०/११/१० को नागरिकता किन उनले प्रयोग गरेका हुन् भन्ने सम्बन्धमा नशा नशामा उनि नेपाली भएको हुँदा उनको उक्त नेपाली नागरिकता कायम नै भएको जिकिर गरेका छन । कानून बिपरितको केवल भावनात्मक रुपमा आम नागरिकलाई भ्रमित पार्ने यस्तो गैर कानूनी जिकिरलाई बिपक्षी निर्वाचन आयोगले मान्यता दिएर कानूनको धज्जी उडाएको छ ।

८. निज रबि लामिछानेले अमेरिकी नागरिक भएको अवस्थामा नै नेपाली पासपोर्ट सन् २०१५ मे २७ तारिख अर्थात् २०७२/०२/१३ गते लिएको देखिन्छ । यसरि निजले नेपाल सरकार र सरकारी निकायलाई पनि गुमराहमा राखेको देखिन्छ । निज रबि लामिछानेले नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम पुनः नेपाली नागरिकता नलिएको हुँदा निज अमेरिकी नागरिक हुन् पूर्वको अर्थात् २०५० सालको नागरिकता नम्बर १८२२२ को नागरिकता (नेपाल नागरिक ऐन, २०६३ को दफा १०(१) बमोजिम कायम नरहेको नागरिकता) प्रयोग गरी दल दर्ता गराउने कार्य श्री निर्बाचन आयोगको त्रुटिले भएको हो भने सो त्रुटि तत्कालै सच्चाई निज रबि लामिछानेको उक्त दलको सदस्यता तत्कालै खारेज गरियोस । यदि निज रबि लामिछानेले श्री निर्बाचन आयोगलाई कायम नभएको नागरिकतालाई सद्धे हो वा कायम हो भनि भ्रममा पारि झुक्याई गफलतमा पारि राजनैतिक पद प्राप्त गरी धोका दिएका हुन् भने मुकुकी अपराध संहिता, २०७४ को दफा २४९ र २५२ बमोजिमको अपराध र निर्वाचन कसूर तथा सजाय ऐन २०७४ अन्तर्गत समेत कार्यबाही गरी वा कार्यबाही गर्न कानूनी प्रक्रिया तत्कालै शुरु गरी निजको उक्त दलमा रहेको सभापति एंव साधारण सदस्य समेतका सम्पूर्ण आवद्धता खारेज गर्न परमादेशको आदेश जारी गरी पाउँ ।

९. निज रबि लामिछानेले अमेरिकी नागरिकता त्याग गरि सके पश्चात नागरिकता ऐन, २०६३ को दफा ११ र नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पूरा गरी नेपाली नागरिकता लिएका छैनन् भन्ने तथ्य निजले निर्बाचन आयोगमा पेश गरेको मिति २०७९/०८/०६ को स्पस्टिकरण वाटै प्रस्ट हुन्छ । तर नागरिकता ऐनको दफा ११ को गलत ब्याख्या गरी आफ्नो पुरानो नागरिकता कायम भएको गलत र त्रुटीपूर्ण एंव जबर्जस्ति आफै ब्याख्या गरी आफ्नो गल्तिलाई ढाक छोप गर्ने प्रयाश निज रबि लामिछानेले गरेका छन र त्यस्तो गलत प्रवृतिलाई निर्बाचन आयोगले समर्थन गरेको छ । निज रबि लामिछानेले नागरिकता ऐन, २०६३ को दफा ११ लाई निर्बाचन आयोगमा पेश गरेको स्पस्टिकरणमा समेत उल्लेख गरेका छन । जुन निम्न बमोजिम छ :

> "**पुनः नपोली नागरिकता कायम हुने** : कुनै नेपाली नागरिकले बिदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुनः नेपालमा आई बसोबास गरेको र बिदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई दिएमा त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुनः कायम हुनेछ ।"



Scanned with CamScanner

१०. तर निज रबि लामिछानेले सन् २०१८ को जुन २८ मा (असाढ १४, २०७५) अमेरिकाको नागरिकता त्याग गरे पश्चात नागरिकता ऐन, २०६३ को दफा ११ बमोजिम तोकिएको अधिकारीलाई अर्थात नागरिकता नियमावली, २०६३ को नियम ८ अन्तंगत प्रमुख जिल्ला अधिकारी समक्ष निजको शन्दर्भमा प्रमुख जिल्ला अधिकारी काठमाडौ समक्ष अमेरिकाको नागरिकता त्यागेको निस्सा दिएर सो कुरा दर्ता गराउन सकेको देखिदैन । बरु उनि आफुले नेपाली नागरिकता त्याग नगरेको हुनाले नागरिकता ऐनको दफा १० को प्रक्रिया नै लागु नभएको हुँदा नियम ११ को प्रक्रियामा जान नपर्ने र आफ्नो त्यस्तो अवस्था नभएको भनि गलत र भ्रमपूर्ण तर्क गर्दछन र उनको यस्तो गलत र भ्रमपूर्ण तर्कलाई निर्वाचन आयोग मान्यता दिएर बस्दछ । यसरि निज रबि लामिछाने र निर्वाचन आयोग मिलेर कानूनको उपहास गर्ने, रबि लामिछानेलाई कानून भन्दा माथि राख्ने र सायद भिडको भयले निर्वाचन आयोग मुकदर्शक बन्ने गरेकोछ । तर नेपाल नागरिकता ऐन, २०६३ को दफा १०(१) अन्तर्गत कुनै पनि नेपाली नागरिकले बिदेशी नागरिकता लिएको अवस्थामा नेपालको नागरिकता स्वत समाप्त हुन्छ अर्थात कायम रहन सक्दैन । यस्तो अवस्थामा निज रबि लामिछनेले अमेरिकी नागरिकता लिए पश्चात निजको नेपालको नागरिकता कायम नरहेको हुँदा निजले पुन: नेपालको नागरिकता प्राप्त नगरी बलजफ्ती रुपमा वा जिद्धि गरी आफ्नो सन्दर्भमा नागरिकता ऐन, २०६३ को दफा १०(१) आकर्षित हुँदेन भन्नु सरासर कानून उपर नै छलछाम गर्नु र आम नागरिक र निकाय समेतलाई भ्रममा राख्ने कार्य गर्नु हो । कायम नरहेको नागरिकता भनेको नागरिकता कायम भएको हो भनि कुतर्क गर्न मिल्दैन । कायम नभएको नागरिकता कायम छ भनि ढाँट छल गरी त्यस्तो नागरिकता प्रयोग गरेर  निज नेपालको नागरिक हुन् सक्दैनन् र यस्तो अवस्थामा निज राजनैतिक दलमा संलग्न हुन्, उम्मेदवार हुन् र मतदान गर्न समेत सक्दैनन् । तसर्थ निज रबि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीमा रहेको सबै खाले आवद्धता अर्थात् सभापति र साधारण सदस्यता समेत नेपालको संविधानको धारा १७(२)(ग), १८, ८४(५), ८७(१), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ एव १३ र राजनैतिक दल सम्वन्धि ऐन, २०७३ को दफा १४(२), २१, ४६, ५५ र ५७ बमोजिम गैर कानूनी घोषणा गरी पाउँ र उक्त मिति २०५०/११/१० को नागरिकता नम्बर भएको निज रबि लामिछानेको नागरिकता प्रयोग गरेर निजले लिएको राजनैतिक दलको (राष्ट्रिय स्वतन्त्र पार्टीको) सदस्यता र सभापतिको पद एंब हैसियत र सो हैसियतमा प्राप्त गरिएको सम्पूर्ण लाभ अर्थात् मतदाता भएर गरिएको मतदान, निर्वाचनमा भएको उम्मेद्वारी र त्यस्तो उम्मेद्वारीका आधारमा प्राप्त सांसद पद (प्रतिनिधि सभा सदस्य) समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ । साथै यस्तो गैर कानूनी पद, हैसियत र लाभलाई मान्यता नदिनु र निर्वाचन कार्यालयमा अभिलेख भएको निजको राजनैतिक दलको सदस्यता एंब सभापतिको पद खारेज गर्नु भनि बिपक्षी निर्वाचन आयोग र राष्ट्रिय स्वतन्त्र पार्टीका नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

११. निज रबि लामिछानेको उम्मेदवार हुने र सांसद हुने योग्यता नहुँदा नहुँदै पनि बिपक्षी निर्वाचन आयोगको अकर्मण्यता र प्रतिनिधि सभा सदस्य निर्वाचन आयोग ऐन, २०७४ को दफा १५ बमोजिमको अधिकारको प्रयोग गर्न त्रुटी गरेको वा दुराग्रहपूर्ण तवरले रबि लामिछानेलाई बचाउने कार्य गरेका कारणले  चितवन जिल्लाको निर्वाचन क्षेत्र नं. २ वाट प्रतिनिधि सभा सदस्य निर्वाचन आयोग ऐन, २०७४ को दफा १२ र १३ बमोजिमको योग्यता (नेपाली नागरिक नभएको ) नहुँदा

नहुँदै दफा १५ आकर्षित गर्न ईन्कार गरेको कारणले निज रबि लामिछाने प्रतिनिधि सभा सदस्यको रुपमा निर्बाचित भएको हुँदा नेपालको संबिधानको धारा १३७(२)(ख) को क्षेत्राधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य निर्बाचन आयोग ऐन, २०७४ को दफा १६ बमोजिम निज रबि लामिछाने प्रतिनिधि सभा सदस्य हुन अयोग्य रहेको ठहर गरी निजलाई सांसद पद बाट मुक्त गरी पाउँ र उक्त दफा १६(२) बमोजिमको कार्य गर्नु भनि बिपक्षी निर्बाचन आयोगका नाममा परमादेशको आदेश जारि गरी पाउँ ।

१२. निज रबि लामिछानेले चितवन निर्बाचन क्षेत्र नं. २ मा उम्मेदवार हुन् निबेदन दिएको अवस्था र निजको निर्बाचनको परिणाम घोषणा भएको अवस्था सम्म पनि बैध रुपमा नेपालको नागरिक नभएको प्रस्ट हुँदा हुँदै र प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १५ बमोजिम निर्बाचनको परिणाम घोषणा नहुँदै योग्यता सम्बन्धमा परेका उजुरी उपर निर्बाचन आयोगले नै निर्णय गर्नु पर्ने प्रस्ट व्यवस्था उक्त दफा १५(५) मा हुँदा हुँदै सो कानूनी कर्तब्य पूरा नगरी निर्बाचन परिणाम घोषणा भई सकेको भनि बहाना बनाई यस्तो गम्भीर बिषयमा निर्णय गर्नु पर्ने दायित्व बाट पन्छीने कार्य गरी अयोग्य व्यक्तिलाई प्रतिनिधि सभा सदस्य बन्न दिने गरी मिति २०७९/०८/१३ मा निर्बाचन आयोगले गरेको निर्णय र निज रबि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा मान्यता दिने सम्पूर्ण दस्ताबेज एंब प्रमाणपत्र उत्प्रेषणको आदेशले बदर गरी पाउँ ।

१३. निर्बाचन (कसूर तथा सजाय) ऐन २०७३ को दफा १४ ले नेपाली नागरिकता नभएको व्यक्तिलाई मतदान गर्न समेत प्रतिबन्ध लगाई गैर नेपाली नागरिकले मतदान गरेमा कसूर गरेको मान्दछ । निज रबि लामिछाने नेपाली नागरिक नभएको अबस्थाको व्यक्ति भएको हुँदा निजलाई मतदान गर्न दिएको बिपक्षी निर्बाचन आयोगको कार्य उक्त दफा १४ बिपरित मात्रै होइनकि उक्त दफा १४ अन्तर्गत निज रबि लामिछानेलाई सजाय गर्नु पर्नेमा सजाय नगरेको हुँदा सो दफाको कार्यान्वयन गर्नु गराउनु भनि बिपक्षी निर्बाचन आयोगका नाममा परमादेशको आदेश जारि गरी पाउँ । साथै नेपाल नागरिकता ऐन, २०६३ को दफा २१ बिपरित निज रबि लामिछानेले कायम नरहेको नागरिकतालाई कायम रहेको बैध नागरीकता भनि झुटो विवरणका आधारमा कायम नभएको नागरिकता प्रचलनमा ल्याई प्रयोग गरेकोमा निज उपर १ बर्ष देखि ५ बर्ष सम्म कैद हुने कसुर गरेकोमा कार्यबाही गर्नु पर्ने निकाय बिपक्षी जिल्ला प्रशाशन कार्यालय काठमाडौंले निज रबि लामिछाने उपर कार्यबाही नगरी उक्त दफाको कार्यान्वयन नगरेको हुँदा उक्त दफा २१ को कार्यन्वयन गर्नु भनि परमादेशको आदेश जारि गरी पाउँ ।

१४. यो मुद्धाको अन्तिम किनारा नभए सम्म निज रबि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा उपस्थित हुन् र कार्य गर्न श्री सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी रोक लगाई बिपक्षीहरुका नाममा सो कुरा जानकारी गराई पाउँ ।

१५. यंस विषयमा समानान्तर क्षेत्राधिकारको प्रयोग गरी अन्यत्र कुनै मुद्दा मामिला नगरिएको व्यहोरा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम खुलाईएको छ ।

१६. यस निवेदन-पत्रसाथ निम्न कागजातहरूको फोटोकपी पेश गरिएको छ :

(क) निवेदकहरुको नागरिकताको फोटोकपी ।

(ख) मिति २०७९/०८/१३ को श्री निर्बाचन आयोगको निर्णयको फोटोकपी ।

(ग) मिति २०७९/०७/२९ र मिति २०७९/०८/६ का निर्बाचन आयोग र मुख्य निर्वाचन अधिकृतको कार्यालय चितवनका पत्रहरु थान ४ को फोटोकपी ।

(घ) निज रबि लामिछानेको मिति २०५०/११/१० को नागरिकता नम्बर १८२२२ को नागरिकता प्रमाणपत्रको फोटोकपी ।

(ङ) प्रेश काउन्सिल नेपालको मिति २०७५/०३/०७ को सार्वजनिक महत्वको प्रेश बिज्ञप्तिको फोटोकपी ।

(च) मिति २०७५/०६/०७ को गृह मन्त्रालयले प्रेश काउन्सिललाई लेखेको पत्रको फोटोकपी ।

(छ) निज रबि लामिछानेले मिति २०७९/०८/०६ मा मुख्य निर्वाचन अधिकृत चितवनमा पेश गरेको स्पस्टिकरणको फोटोकपी ।

(ज) निज रबि लामिछानेले अमेरिकी नागरिकता त्याग गरेको प्रमाणको फोटोकपी ।

(झ) म रिट निवेदकले बिपक्षी निर्बाचन आयोगमा मिति २०७/०८/१९ गते दिएको निवेदनको फोटोकपी ।

(ञ) यस रिट निवेदनमा उल्लेख भएका लगायत यस बिषय संग सम्बन्धित सम्पूर्ण दस्ताबेजहरु बिपक्षीहरु बाटै वा सम्बन्धित सरकारी निकाय बाट अदालत समक्ष पेश गर्न लगाई पाउँ ।

१७. यो निवेदन दर्ता गर्न हाल कानुन व्यवसायी मुकरर गरेका छैन । पछि नियुक्त हुने कानुन व्यवसायीको बहसका बुँदालाई समेत यसै निवेदन-पत्रको अभिन्न अङ्गको रूपमा ग्रहण गरी पाउँ ।

१८. यसमा लेखिएको व्यहोरा साँचो छ । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज युवराज पौडेल (सफल)

इति सम्वत २०७९ साल मंसिर २७ गते रोज २ शुभम् ..............................................

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदनको सार संक्षेपीकरण

विषयः उत्प्रेषण, परमादेश लगायत जे जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ।

कुल बहादुर खत्रीको छोरा सिन्धुली जिल्ला कमलामाई नगर पालिका वडा नं. १ घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ आलोकनगर बस्ने बर्ष ३५ को युबराज् पौडेल (सफल) (नागरिक नम्बर ४१३४५, सिन्धुली, जारी मिति २०६१/१२/३०) सम्पर्ग न ९८४९७७०९२ ) ............................................१ रिट निवेदक

विरूद्ध

श्री निर्बाचन आयोग, कान्तिपथ काठमाण्डौं, नेपाल समेत जना ५......................१ बिपक्षी प्रत्यर्थी

नियमानुसार लाग्ने दस्तुर यसै निवेदन साथ संलग्न गरी निम्न लिखित व्यहोराको निवेदन गर्दछु।

१. रिट निवेदनको संक्षिप्त व्यहोराः म निवेदक एक देशभक्त नेपाली नागरिक हुनुका साथै विधिको शाशनकालागि प्रतिबद्ध छु। कानून भन्दा माथि कोहि पनि हुनु हुँदैन र कानूनको शाशनलाई ठुला, साना, धनि, गरिब, पदमा भएका वा नभएका सबैले पालना गर्नु पर्दछ भन्ने मान्यता राख्दछु। त्यसैले मिति २०७९/०८/०४ गते मुलुकमा भएको आवधिक निर्बाचनको शिलशिलामा चितवन निर्बाचन क्षेत्र नं. २ का उम्मेदवार श्री रबि लामिछानेको नेपाली नागरिकता नभएको र निजले आफू खुसि अमेरिकाको नागरिकता प्राप्त गरे पछि निजको नेपाली नागरिकता कायम नरहेको कानूनी व्यवस्था ( नागरिकता ऐन, २०६३ को दफा १०(१)) बिपरित निज रबि लामिछानेलाई दल दर्ता गर्न, दलको पदाधिकारी हुन्, मतदान गर्न, उम्मेदवार हुन् र निर्बाचनमा सहभागी हुन् दिएको हुँदा बिपक्षी निर्बाचन आयोगले संबिधान र ऐनको गम्भीर उल्लङ्घन गरी कानूनको शाशनलाई चुनौती दिएको हुँदा नेपाली नागरिकता कायम नरही पुनः नेपाली नागरिकता नलिएको अर्थात् नेपाली नागरिक नभएको व्यक्तिले राजनैतिक दलको सदस्य र पदाधिकारी हुन्, निर्बाचनमा उम्मेद्धार हुन्, प्रतिनिधि सभा सदस्य हुन् (राष्ट्रिय सभा, प्रदेश सभा एंब स्थानीय सरकारमा पधाधिकारी हुन) नपाउने कानूनी व्यवस्था बिपरित काम कार्यबाही गर्न मिल्छ कि मिल्दैन भन्ने गम्भीर सार्बजनिक सरोकारको सवाल उपस्थित भएको हुँदा सो बिषयको व्याख्या र निरुपणकालागि यो रिट निबेदन लिएर सम्मानित अदालत समक्ष प्रवेश गरेको छु। निम्न प्रकरणहरुमा निबेदन गरिए बमोजिम न्याय ईन्साफ़ गरी पाउन सादर अनुरोध गर्दछु।

२. संवैधानिक तथा कानूनी प्रश्नः नेपालको संबिधान, २०७२ को धारा ४६ एंब १३३ (२) र (३) एंब १३७(२)(ख) बमोजिम नेपालको संबिधानको धारा १, २, ३, ५, १६, १७(२)(ग), १८, ८४(५), ८७(१), प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १२, १३, १५, १६ र राजनैतिक दल सम्बन्धि ऐन, २०७३ को दफा ६(१)(ग), १४(२), १७ र २१(ज) तथा नागरिकता ऐन, २०६३ को दफा १०(१), ११ र नेपाल नागरिकता नियमावली, २०६३ को नियम ८, १० र ११ ले संरक्षण गरेका मौलिक हक,

संबैधानिक हक एंब कानूनी हकको व्याख्या, संरक्षण र प्रचलनको सार्वजनिक महत्व र सरोकारको संवैधानिक तथा कानूनी प्रश्न ।

३. माग गरिएको उपचारका प्रश्नहरु बूँदागत रुपमा:

(क) मतदान गर्ने, उम्मेद्वार बन्ने र राजनैतिक दल खोल्ने अधिकार केवल नेपाली नागरिकलाई मात्रै प्रदान गरिएकोले बिपक्षी रबि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति र सदस्यता गैर कानूनी घोषणा गरी पाउँ र सो हैसियतमा प्राप्त गरिएको सम्पूर्ण लाभ अर्थात् मतदाता भएर गरिएको मतदान, निर्बाचनमा भएको उम्मेद्धारी र त्यस्तो उम्मेद्धारीका आधारमा प्राप्त सांसद पद (प्रतिनिधि सभा सदस्य) समेत उत्प्रेषणको आदेशले बदर गरी पाउँ । साथै यस्तो गैर कानूनी पद, हैसियत र लाभलाई मान्यता नदिनु र निर्बाचन कार्यालयमा अभिलेख भएको निजको राजनैतिक दलको सदस्यता एंब सभापतिको पद खारेज गर्नु भनि बिपक्षीहरु नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

(ख) निज रबि लामिछानेले २०५० सालको नागरिकता नम्बर १८२२२ को नागरिकता (नेपाल नागरिक ऐन, २०६३ को दफा १०(१) बमोजिम कायम नरहेको नागरिकता) प्रयोग गरी दल दर्ता गराउने कार्य श्री निर्बाचन आयोगको त्रुटिले भएको हो भने सो त्रुटि तत्कालै सच्चाई निज रबि लामिछानेको उक्त दलको सदस्यता तत्कालै खारेज गरियोस । यदि निज रबि लामिछानेले श्री निर्बाचन आयोगलाई कायम नभएको नागरिकतालाई सद्धे हो वा कायम हो भनि भ्रममा पारि झुक्याई गफलतमा पारि राजनैतिक पद प्राप्त गरी धोका दिएका हुन् भने मुकुकी अपराध संहिता, २०७४ को दफा २४९ र २५२ बमोजिमको अपराध र निर्बाचन कसूर तथा सजाय ऐन २०७४ अन्तर्गत समेत कार्यबाही गरी वा कार्यबाही गर्न कानूनी प्रक्रिया तत्कालै शुरु गरी निजको उक्त दलमा रहेको सभापति एंब साधारण सदस्य समेतका सम्पूर्ण आबद्धता खारेज गर्न उत्प्रेषण लगायत परमादेशको आदेश जारी गरी पाउँ ।

(ग) नेपालको संबिधानको धारा १३७(२)(ख) को क्षेत्राधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य निर्बाचन आयोग ऐन, २०७४ को दफा १६ बमोजिम निज रबि लामिछाने प्रतिनिधि सभा सदस्य हुन अयोग्य रहेको ठहर गरी निजलाई सांसद पद वाट मुक्त गरी पाउँ र उक्त ऐनको दफा १६(२) बमोजिमको कार्य गर्नु भनि बिपक्षी निर्बाचन आयोगका नाममा परमादेशको आदेश जारि गरी पाउँ ।

(घ) निज रबि लामिछानेले चितवन निर्बाचन क्षेत्र नं. २ मा उम्मेदवार हुन् निबेदन दिएको अवस्था र निजको निर्बाचनको परिणाम घोषणा भएको अवस्था सम्म पनि बैध रुपमा नेपालको नागरिक नभएको प्रस्ट हुँदा हुँदै र प्रतिनिधि सभा सदस्य निर्बाचन ऐन, २०७४ को दफा १५ बमोजिम निर्बाचनको परिणाम घोषणा नहुँदै योग्यता सम्वन्धमा परेका उजुरी उपर निर्बाचन आयोगले नै निर्णय गर्नु पर्ने प्रस्ट व्यवस्था उक्त दफा १५(५) मा हुँदा हुँदै सो कानूनी कर्तब्य पूरा नगरी निर्बाचन परिणाम घोषणा भई सकेको भनि बहाना बनाई यस्तो गम्भीर बिषयमा निर्णय गर्नु पर्ने दायित्व बाट पन्छीने कार्य गरी अयोग्य व्यक्तिलाई प्रतिनिधि सभा सदस्य बन्न दिने गरी मिति २०७९/०८/१३ मा निर्बाचन आयोगले गरेको निर्णय र निज रबि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा मान्यता दिने सम्पूर्ण दस्तावेज एंब प्रमाणपत्र उत्प्रेषणको आदेशले बदर गरी पाउँ ।

(ङ) यो मुद्धाको अन्तिम किनारा नभए सम्म निज रबि लामिछानेलाई प्रतिनिधि सभा सदस्यको रुपमा उपस्थित हुन् र कार्य गर्न श्री सर्बोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी रोक लगाई बिपक्षीहरुका नाममा सो कुरा जानकारी गराई पाउँ ।

४. यसमा लेखिएको व्यहोरा साँचो छ । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज युबराज पौडेल (सफल)

इति सम्बत २०७९ साल मंसिर २७ गते रोज २ शुभम् ..........................................



Scanned with CamScanner